नेपाल सरकार
# अर्थ मन्त्रालय
(योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा)

फोन नं. ४२००५३७
४२११४०५
४२११३४७
Email: moev@mof.gov.np
सिंहदरबार, काठमाडौं।

पत्र संख्या: २०८१/८२(अनुगमन)
च.नं.:

२०८१ कार्तिक २

## प्रेस विज्ञप्ति

अर्थ मन्त्रालयको कार्यक्षेत्र एवम् जिम्मेवारी भित्र पर्ने चालु आ.व.२०८१/८२ को वार्षिक कार्ययोजनामा समावेश भएका विभिन्न विषयहरू मध्ये प्रथम तीन महिना (२०८१ श्रावण-असोज) को अवधीमा यस मन्त्रालयबाट सम्पादन भएका महत्वपूर्ण विवरणहरू सर्वसाधारणको जानकारीको लागि देहायबमोजिम सार्वजनिक गरिएको छ:

- चालु आ.व.२०८१/८२ को बजेट कार्यान्वयन गर्न सबै मन्त्रालय तथा केन्द्रीय निकायहरूलाई आर्थिक वर्षको प्रारम्भमा नै ७३ बुँदे मार्गदर्शन जारी गरिएको छ। साथै अर्थमन्त्रालय भित्रको वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयनका लागि छुट्टै कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याईएको छ। यसबाट बजेट तथा कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता आएको छ; प्रथम तीन महिनाको अवधीमा पूँजीगत खर्च गत वर्षको यसै अवधिको तुलनामा ६५ प्रतिशतले वृद्धि भएको छ भने राजस्व सङ्कलन गत वर्षको यसै अवधिको तुलनामा १३ प्रतिशतले वृद्धि भएको छ।
- राजस्व चुहावट नियन्त्रण गर्न केन्द्रीय द्रुत गस्ती टोली गठन गरी परिचालन गरिएको छ। यसबाट राजस्व चुहावट नियन्त्रणमा थप सफलता मिलेको छ।
- अन्तःशुल्क चुहावट नियन्त्रणका लागि मदिरा, बियर, चुरोट, सूर्तीजन्य वस्तु, इनर्जी ड्रिङ्क्स र जुसको व्यावसायिक उत्पादन गर्ने एक सय भन्दा बढी उद्योग प्रतिष्ठानको स्थलगत निरीक्षण तथा अनुगमन गरिएको छ।
- अन्तर्राष्ट्रिय स्वतन्त्र विज्ञ संस्थाबाट नेपालको सार्वभौम साख मूल्याङ्कन (क्रेडिट रेटिङ) को कार्य अगाडि बढाई प्रतिवेदन प्राप्त गर्ने चरणमा रहेको छ।
- मुलुकको समग्र अर्थतन्त्र सुधारको लागिं उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठन गरी अध्ययन कार्य प्रारम्भ गरिएको छ।
- नयाँ बीमा नियमावली, २०८१ तर्जुमा गरी मन्त्रिपरिषद्मा पेश गरिएको छ।
- साना तथा मझौला सङ्गठित संस्थाको धितोपत्र निष्काशन तथा कारोबार सम्बन्धी नियमावली, २०८१ मन्त्रिपरिषद्मा पेश गरिएको छ।
- आन्तरिक राजस्व परिचालन रणनीति, २०८१ स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको छ।
- भन्सार मूल्याङ्कनलाई यथार्थ कारोबार मूल्यमा आधारित बनाउन रणनीति तयार गरी लागू गरिएको छ।
- भन्सार महसुल नियमावली, २०८१ तर्जुमा गरी मन्त्रिपरिषद्मा पेश गरिएको छ। यसबाट भन्सार प्रकृया थप सरलीकृत हुनेछ।

नेपाल सरकार
# अर्थ मन्त्रालय
(योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा)

फोन नं. ४२००५३७
४२११४०५
४२११३४७
Email: moev@mof.gov.np
सिंहदरबार, काठमाडौं।

पत्र संख्या: २०८१/८२(अनुगमन)
च.नं.:

- सार्वजनिक संस्थानमा ऋण तथा लगानी सम्बन्धी नीति तर्जुमा गरी मन्त्रिपरिषद्मा पेश गरिएको छ।
- आन्तरिक ऋण निष्काशन तथा व्यवस्थापन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याईएको छ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को संशोधन विधेयक सङ्घीय संसदमा पेश गरिएको छ।
- तातोपानी भन्सार कार्यालयमा लगेज तथा भेहिकल स्क्यानर मेसिनको प्रयोग सुरु गरिएको छ।
- बिरगञ्ज भन्सार कार्यालय, भैरहवा भन्सार कार्यालय र नेपालगञ्ज भन्सार कार्यालयमा ल्याव मोड्युल सुरु गरिएको छ।
- भन्सार प्रज्ञापनपत्रको मुख्यमुख्य चरणको जानकारी निकासी तथा पैठारीकर्तालाई ईमेल मार्फत जानकारी गराउने प्रणाली सुरु गरिएको छ।
- नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्रको अभौतिकीकरण कार्य भएको छ।
- हस्तान्तरण मूल्य सम्बन्धी निर्देशिका, २०८१ तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ।
- वार्षिक २५ करोड रुपैयाँ भन्दा बढीको कारोबार गर्ने ४०० भन्दा बढी करदाताको कारोवारलाई केन्द्रीय बीजक अनुगमन प्रणालीमा आवद्ध गरिएको छ।
- वहुवर्षिय ठेक्का प्रकृयालाई थप व्यवस्थित र कार्यान्वयन योग्य बनाउन पहल गरिएको छ।
- योजनाहरूको प्राथमिकीकरण गरी बजेट विनियोजन तथा कार्यन्वयनलाई थप प्रभावकारी बनाउने कार्य भएको छ।
- दोस्रो वित्तीय क्षेत्र रणनीति निर्माणको कार्य प्रारम्भ गरिएको छ।
- विकास सहायता सम्बन्धी नयाँ नीति तर्जुमाको कार्य भइरहेको छ।
- नयाँ बजेट तर्जुमा दिग्दर्शन तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ।

अर्थतन्त्रमा केही चुनौतीहरू रहे तापनि विगत वर्षहरूको तुलनामा क्रमशः सुधार आइरहेको छ। यस अवधीमा व्यवसायिक वातावरणमा सुधार आउनुका साथै निजी क्षेत्रको आत्मविश्वास बढेबाट गत वर्षको यसै अवधिको तुलनामा पूँजीगत खर्च र राजस्व सङ्कलन बृद्धि हुन गएको छ। बैङ्कबाट प्रवाह हुने ब्याजदर घट्दा व्यवसायिक कर्जाको लागत घट्न जाँदा निजी क्षेत्रमा प्रवाह हुने कर्जा बृद्धि हुँदै गएको छ। पूँजी वजार चलायमान भएको छ, रेमिट्यान्स १५ प्रतिशतले वृद्धि भएको छ, विदेशी मुद्राको सञ्चिति हालसम्मको उच्च २१ खर्व ५२ अर्ब रुपैया रहेको छ। व्याजदर घटेर औषत ६.१५१ प्रतिशत कायम भएको छ।

महेश भट्टराई
प्रवक्ता/सहसचिव

**२०८१ कार्तिक २**